# नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको राष्ट्रिय वीमा संस्थानको निर्जीवन वीमातर्फको दोश्रोपटक प्रकाशित सूचना बमोजिमको शेयर बाँडफाँड गरिएको सूचना

मिति २०६३/१२/२० मा दोश्रो पटक प्रकाशित सूचना अनुसार यस बैंकको स्वामित्वमा रहेको राष्ट्रिय वीमा संस्थानको निर्जीवन वीमातर्फको कुल २,५१,६६३ कित्ता संस्थापक साधारण शेयर विक्री गर्ने सिलसिलामा माग गरिएको आवेदनमध्ये रितपूर्वक आवेदन गर्ने महानुभावहरुलाई शेयर बाँडफाँड गरिएको व्यहोरा जानकारी गराईन्छ । अतः उक्त शेयर आवेदनकर्ताहरुले आफूले बुझाउनु पर्ने बांकी ९० प्रतिसतले हुने रकम यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफूले आवेदन बुझाएको कार्यालयमा बुझाई सोको सक्कल भौचर सहित सम्पर्क गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधिभित्र बुझाउनु पर्ने बांकी रकम नबुझाएमा शेयर खरिदवापत जम्मा गरेको १० प्रतिसत रकम जफत हुने व्यहोरा समेत सूचित गरिन्छ । साथै शेयर बाँडफाँडमा परेका व्यक्तिहरुको नामावली तथा शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण विवरण यस बैंकको web site: www.nrb.org.np मा तथा सूचना पाटीमा टाँसिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

नेपाल राष्ट्र बैंक<br>
वित्त व्यवस्थापन विभाग<br>
वालुवाटार